नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
लमजुङ/मनाङ
☎०६६-५२१४७६
pmamp.piu.lamjung@gmail.com
piulamjung.pmamp.gov.np

जोन प्रभाव क्षेत्रमा स्याउ High Density विरुवा वितरण मार्फत क्षेत्रफल विस्तार कार्यक्रम अन्तर्गत स्याउका High Density विरुवाहरु उपलब्ध गराउनका लागि सम्वन्धित आपुर्तिकर्ताहरुबाट High Density स्याउ विरुवाको दररेट पेश गर्ने सम्वन्धी प्रकाशित सूचना !!!

सूचना नं:-०८ *(दोस्रो पटक सूचना प्रकाशन मितिः- २०८३/०८/०१ गते)*

प्रस्तुत विषयमा यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ लमजुङ/मनाङको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम "जोन प्रभाव क्षेत्रमा स्याउ High Density विरुवा वितरण मार्फत क्षेत्रफल विस्तार" अन्तर्गत मिति २०८३/०४/११ गते अनुदानका कार्यक्रमहरुमा सम्वन्धित कृषक संस्थाहरुबाट प्रस्ताव पेश गर्ने सम्वन्धि प्रकाशित सूचना वमोजिम मनाङ जिल्लाको स्याउ जोन कमाण्ड क्षेत्रका आवेदक/लाभग्राही कृषक समुह /सहकारी/फर्म/जल-उपभोक्ता समिति लगायतका सरोकारवाला संस्थाहरुको समेत लागत साझेदारीमा स्याउको High Density विरुवाको वगान स्थापना मार्फत क्षेत्रविस्तार कार्यक्रम सञ्चालन गर्नका लागि लागत अनुमान तयारी तथा खरिदको आवश्यक प्रक्रिया अगाडि वढाउन नियमानुसार इजाजत प्राप्त स्याउ High Density विरुवा आपुर्तिकर्ता कम्पनी/ फर्म/सप्लायर्सहरुबाट मिति २०८३/०७/१२ गते प्रथम पटक प्रकाशित सूचनाको अवधिसम्म कार्यालयमा पर्याप्त दररेट प्रस्ताव नआएकाले मिति २०८३/०८/०७ गतेसम्म दररेट प्रस्ताव पेश गर्ने म्याद थप गरिएको बारे सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। यसै साथ संलग्न प्रस्तावना फारममा स्पेसिफिकेशन सहितको दररेट प्रस्ताव कार्यालय समयमा (हार्डकपी स्वयंम उपस्थित भइ वा इमेल मार्फत) पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। Specification र दररेट प्रस्ताव फारम कार्यालयको वेबसाइट https://piulamjung.pmamp.gov.np अथवा QR Scan गरि डाउनलोड गर्न समेत सकिने छ।

दररेट प्रस्ताव साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:

(१) कार्यालयले तोकेको निर्दिष्ट ढांचाको पूर्ण रुपले भरीएको दररेट प्रस्ताव फारम।

(२) सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्र/स्याउ High Density विरुवा आयात र विक्रि वितरण गर्न पाउने इजाजत पत्रको प्रतिलिपी, पान/भ्याट दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र सम्वन्धित व्यक्तिको नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपी।

(३) विरुवा आयात पश्चातको क्वारेन्टाइनयुक्त रोगकीरा नभएको फाइटोस्यानेटरी प्रमाणपत्र (Phytosanitary Certificate) उपलब्ध गराउने प्रतिवद्धता पत्र।

(४) विगतका वर्षहरुमा High Density स्याउ विरुवा आयात वा आपुर्ति सम्वन्धित कार्य गरेको अनुभव प्रमाणित गर्ने आवश्यक कागजातहरु।

(५) नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालयले पञ्जीकृत वा आयात अनुमति प्रदान गरेका High Density स्याउ विरुवाको जातहरु मध्ये आपुर्तिकर्ता संस्थाले चालु आ.व. २०८३/०८४ मा आपुर्ति गर्ने वा गरिसकेको भए उक्त High Density स्याउ विरुवाको जात, परिमाण र संख्या लगायतका अन्य आवश्यक विवरणहरु।

(६) कार्यालयले तोकेको समयभित्र कार्यक्रम अन्तर्गतका लाभग्राही कृषक संस्थाहरुलाइ High Density स्याउ विरुवा उपलब्ध गराउने प्रतिवद्धता पत्र।

(पद्मनाथ आत्रेय)
वरिष्ठ कृषि अधिकृत

"स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production,
Path to Self- Sufficiency"